सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अंक १० संवत २०८० साल चैत्र ०२ गते https://sarumaranimun.gov.np

## सरुमारानीमा जनचेतनामूलक कार्यक्रम सम्पन्न



सरुमारानी गाउँपालिकाको आयोजनामा सृष्टि फाउन्डेसन काठमाडौंको संयोजनमा लैंगिक हिंसा तथा सामाजिक समावेशीकरण, बालविवाह तथा बहुविवाह निरुत्साहितका लागि जनचेतनामूलक डकुमेन्ट्री चलचित्र जुना प्रदर्शन तथा अभिमुखीकरण कार्यक्रम सरुमारानी गाउँपालिकाका सबै वडाका विद्यालय तथा वडा कार्यालयमा सम्पन्न गरिएको छ। बालविवाह गरेर अकालमै ज्यान गुमाउन बाध्य छन् । सामाजिक मूल्य मान्यता र संस्कृतिको जर्गेना गर्दै सबल र समृद्ध समाज निर्माण गर्न बाल विवाह, बहुविवाहा, अनमेल विवाहा, महिला हिंसा एवंम बलत्कार जस्ता सामाजिक कूरितिको अन्त्य गरौं भन्ने उद्देश्यले उक्त कार्यक्रम सम्पूर्ण गाउँपालिकाका विद्यालय तथा वडा कार्यालयमा संचालन गरिएको थियो । कार्यक्रम मिति २०८०/११/०१ देखि ४ गते सम्म सञ्चालन भएको थियो।



# अभिमूखीकरण कार्यक्रम सम्पन्न

नेपाल सरकारबाट स्वीकृत स्थानीय तहमा लागु भएका विभिन्न मूल्यांकन कार्यविधिहरुको अभिमूखिकरण कार्यक्रम सरुमारानी गाउँपालिकामा सम्पन्न भएको छ । गाउँपालिकामा अध्यक्ष श्री झग बहादुर विश्वकर्मा ज्यूको अध्यक्षतमा संचालन भएको यो कार्यक्रममा गापा उपाध्यक्ष श्री बसन्ता खडका, कार्यपालिका सदस्यहरू र शाखा प्रमुखहरूको सहभागीतामा संचालन भएको थियो ।



गाउँपालिकाले विभिन्न मूल्यांकन कार्यविधिमा प्राप्त गरेको नतिजा, लक्ष्य प्राप्तीमा भएका कमि कमजोरी र लक्ष्य प्राप्तीका लागि आगामी दिनमा चाल्नुपर्ने कदम तथा रणनीतिको बारेमा छलफल भएको थियो । स्थानीय तहको संस्थागत स्वमूल्यांकन, वित्तीय ब्यवस्थापन परिपालनको अवस्था, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गर्ने कार्यसम्पादनको मूल्यांकन, गाउँपालिका राष्ट्रिय महासंघले उत्कृष्ट गाउँपालिका छनौट गर्ने गरी बनाएको कार्यबिधि लगाएतका बिषयहरुका सूचकहरु, सुचकलाई पूरा गर्न तथा गाउँपालिकाको लक्ष्य हासिल गर्नको लागि बजेट कार्यक्रम व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने बिषयमा अभिमूखीकरण कार्यक्रम भएको थियो । मिति २०८०।११।२० गते र २१ गते गरी जम्मा २ दिन सम्म संचालन गरिएको यो कार्यक्रमको सहजीकरण गाउँपालिकाका प्रशासन शाखा प्रमुख लक्ष्मण आचार्यले गर्नुभएको थियो ।




अवस्था
अंकभार
समग्र अवस्था
प्रक्रियागत अवस्था
परिमाणात्मक अवस्था
२ वटा
जम्मा
९ वटा

# बेमौसमि तरकारी खेती सम्बन्धी तालिम सम्पन्न

आ.व. २०८०/०८१ को किसान सँग गाउँ सरकार बेमौसमी तरकारी खेती सम्बन्धी तालिम कार्यक्रम अन्तर्गत सरुमारानी गाउँपालिका सबै वडामा वडाका कृषकहरुलाई १ दिने स्थलगत बेमौसमी तरकारी उत्पादन सम्बन्धी तालिम साथै सहभागीहरूलाई तरकारीको विउ वितरण कार्यक्रम सम्पन्न भएको छ। उक्त तालिमको सहजीकरण कृषि शाखा प्रमुख ईश्वर जि.सीले गर्नु भएको थियो ।





# उद्यमी र श्रमिक महिलाहरुलाई सम्मान



सरुमारानी गाउँपालिकाको आयोजनामा ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस बिशेष किसिमले मनाईएको छ। गाउँपालिका भित्र रहेका उद्यमी महिलाहरुलाई प्रोत्साहन दिने उदेश्यले यो सम्मान कार्यक्रम गरिएको हो ।

'महिलामा लगानी सभ्य र सम्मुनत समाजको थालनी' भन्ने राष्ट्रिय नारा कायम गरिएको उक्त कार्यक्रमको अवसरमा गाउँपालिकाले सिलाई कटाई उद्यमी, कृषि व्यवसायी, भैसी पालन, बाख्रा पालन, सरसफाईकर्मी, होटल व्यवसाय, होजियारी उद्यमी, अदुवा बेसार सिन्की उद्यमी, श्रमिक (मजदुरी), र तरकारी खेति व्यवासायीहरु गरी १८ जना उद्यमी महिलाहरुलाई दोसल्ला ओढाएर नगद सहित सम्मान गरेको हो।कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि सरुमारानी गाउँपालिकाका अध्यक्ष झग बहादुर बिस्वकर्माले महिला दिवस मनाउँदा यसको उपलब्धितर्फ पनि सबैले मनन गर्नुपर्ने बताउनु भयो। उक्त कार्यक्रममा बोल्नु हुँदै उहाँले महिलामाथि हुने अत्याचार, विभेदको अन्त्य गर्नका लागि सरोकारवालाहरु एकसाथ अगाडि बढ्न आवश्यक रहेको साथै समानता र सशक्तिकरणका लागि राज्यले लगानी गर्दै राज्यको हरेक तहमा महिलाको अर्थपूर्ण सहभागीता र निर्णयमा महिलालाई अगाडि बढाउने अहिलेको आवश्यकता रहेको कुरा समेत बताउनु भयो ।



## गाउँकार्यपालिकाको ३४ औं बैठक सम्पन्न

सरूमारानी गाउँपालिका गाउँ कार्यपालिकाको ३४औं बैठक(आज २०८०/११/२१ गते) गाउँपालिकाका  अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा बसी तपशिल अनुसारका विभिन्न प्रस्ताव उपर छलफल गरि सर्ब सम्मत रूपमा निर्णय गरिएको छ ।

- करार सेवाका कर्मचारीहरूको सेवा अवधि थप सम्वन्धमा ।
- योजना तथा कार्यक्रम संशोधन सम्वन्धमा ।
- विभिन्न ऐन संशोधन तथा विधेयकहरू पेश गर्ने सम्बन्धमा।
- संशोधित योजना तथा कार्यक्रम अनुमोदनका लागि पेश गर्ने सम्बन्धमा।
- दोस्रो चौमासिक सार्बजनिक सुनुवाइ आगामी चैत्र २२ गते गर्ने सम्बन्धमा ।
- शिक्षक सरूवा तथा नियुक्ति सम्वन्धमा ।
- विद्यालय छनौट सम्वन्धमा भिमसेन मावि जस्पुर सरूमारानी ५ पुस्तकालय र नेपाल राष्ट्रिय माध्यमिक विद्यालय हंसपुर सरूमारानी ३ लाई विज्ञान प्रयोगशाला व्यवस्था गर्ने निर्णय सम्बन्धमा।
- गाउँपालिका स्तरीय पुस्तकालय स्थापना गर्ने सम्बन्धमा ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको थप प्राप्त रकमबाट बड्डाँडा पनाहा मोटरबाटोमा कच्ची नालि निर्माण गर्ने निर्णय सम्बन्धमा।
- पालिका स्तरिय आर्थिक विकास संवाद समिति गापा अध्यक्ष ज्युको संयोजकत्वमा गठन गरियो
- विविध सम्वन्धमा ।



## गाउँपालिकाबाट भएका प्रशासनिक गतिविधिहरुः

- आ.व २०७९।०८० को राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको तथ्यांक अनुसार गाउँपालिकाले ७३.१९ अंक प्राप्त गरेको छ ।
- गाउँपालिकाले नेपाल सरकार बाट जारि गरिएका विभिन्न कार्यविधिहरु माथि छलफल तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ ।
- गाउँपालिकाले गाउँपालिका महासंघले जारी गरेको उत्कृष्ठ छनौट कार्यविधि, २०८० मूल्याङ्कन तथा क्रमागत रेङ्किङ ब्यबस्थापन प्रणाली (Assessment and Ranking Management System ARMS) अन्तर्गत ५०.२५ अंक पेश गरेको छ ।
- गाउँपालिकाको दोस्रो गाउँसभाको १४ औं अधिवेशनको दोस्रो बैठक मिति २०८० फाल्गुन ३० गतेदेखि शुरुवात भएको छ ।


**सम्पर्क नं:**

**अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)**

**उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)**

**प्रमुख प्रशासकीय अधिकृतः देविराम पाठक (९८५७८३६०२२)**

**सूचना अधिकारीः शिव राज न्यौपाने (९८४५४४०७७३)**

## प्रकाशक:

## सरुमारानी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## बड्डाँडा,प्यूठान ।


**facebook: https://www.facebook.com/SarumaraniGapa**

**website:sarumaranimun.gov.np**

**email:sarumarani2073@gmail.com**

**phone no:9857836022**